आज मिति २०८२ फागुन २९ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहवमोजिमको उपस्थितिमा १३६ औं नगर कार्यपालिका वैठक बसि निम्नानुसार निर्णय गरियो।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

## मिति २०८२।११।२९ गतेको १३६ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

नगरकार्यपालिकाको अघिल्लो १३५औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समीक्षा गरियो ।

निर्णय नं २

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बढुवा समितिको सचिवालय, गण्डकी प्रदेश पोखराको बढुवा सूचना नं. ४/२०८२-८३ (कार्यक्षमता) तथा बढुवा नियुक्ति पत्रानुसार यस नगरपालिका कार्यालयमा सिफारिस हुनुभएका श्री खड्ग बहादुर राना लाइ यस कार्यालयमा रिक्त रहेको स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समूह उपसचिव (नवौं तह) पदमा स्थायी नियुक्ति गर्ने ।

निर्णय नं ३

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही भीरकोट नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका वडाहरुमा सडक सरसफाईको कार्य सम्पन्न गरी सम्बन्धित वडाको सिफारिस, रुजु घण्टा प्रमाणित, सम्झौता तथा प्राविधिक कार्यसम्पादन मूल्यांकन संलग्न राखि रकम भुक्तानीको लागि यस कार्यालयमा पेश हुन आएका देहाय बमोजिमको रकम भुक्तानी दिने ।

तपसिल

| क्र.स | वडा नं. | भुक्तानी दिने व्यक्ति/संस्था/निकाय | भुक्तानी दिने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. ०२ | सम्राट निर्माण सेवा, भीरकोट-०२ | ८१,२५८/- | |
| २. | वडा नं. ०३ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ् एण्ड सप्लायर्स प्रा.लि, भीरकोट-०१ | १,२२,६३०/- | |
| | | सम्राट निर्माण सेवा, भीरकोट-०२ | ४५,४०९/- | |
| ३. | वडा नं. ०४ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ् एण्ड सप्लायर्स प्रा.लि, भीरकोट-०१ | ९१,५६१/- | |
| ४. | वडा नं. ०५ | किस्मत कन्स्ट्रक्सन इन्जिनियरिङ् एण्ड सप्लायर्स प्रा.लि, भीरकोट-०१ | २,३२,८८७/- | |
| ५. | वडा नं. ०८ | सम्राट निर्माण सेवा, भीरकोट-०२ | २,७६,१७२/- | |

निर्णय नं ४

भीरकोट नगरपालिकामा रहेका २ वटा क्याम्पसहरु दहथुम बहुमुखि क्याम्पस र कालिका बहुमुखि क्याम्पसको शैक्षिक उन्नयनको लागि यस कार्यालयमा पेश गरेको प्रस्तावना बमोजिम प्रत्येक क्याम्पसको लागि ७ लाख ५० हजारका दरले अनुदान रकम क्याम्पसको खातामा उपलब्ध गराउने ।

निर्णय नं ५

भीरकोट नगरपालिका वडा नं. ०४ स्थित श्री दभुङठाटी मा.वि. मर्मत संभारको लागि मेयर संबोधन भौतिक तथा पुर्वाधार निर्माण बजेट शिर्षकबाट रु. २ लाख बजेट विनियोजन गर्ने ।

निर्णय नं ६

भीरकोट नगरपालिकामा जनस्वास्थ्य अधिकृत पदमा कार्यरत कर्मचारी श्री अञ्जु सापकोटाले चिकित्सा शिक्षा आयोगद्वारा मिति २०८२/१०/२५ मा लिइएको एकिकृत प्रवेश परिक्षामा सामेल भई Master Of Public Health(MPH) विषयमा अध्ययनको लागि सरकारी समुह तर्फ छात्रवृत्ति कोटामा मनोनयन भई चिकित्साशास्त्र अध्ययन संस्थान(IOM) मा भर्ना हुनुभएको हुँदा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को नियम १११(२) बमोजिम सो संकायको अध्ययन अवधि सुरु भएपश्चात २ वर्षको लागि तलवी अध्ययन विदा स्वीकृत गर्ने ।

निर्णय नं ७

भीरकोट नगरपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत उत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थि र शिक्षक सम्मान कार्यक्रमको लागि बजेट अपुग हुने देखिएको हुँदा सोको लागि रु. १ लाख रकम थप गर्ने ।

निर्णय नं ८

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाडौमा कम्पनी दर्ता भइ संचालनमा रहेको कस्तुरी अटो सेवा प्रा.लि., भीरकोट स्याङ्जा लाइ भीरकोट नगरपालिकामा सुचिकृत गर्ने । साथै नगरपालिका भित्र संञ्चालित सबै अटोरिक्सालाई दर्ता तथा नविकरण गरी नियमन गर्ने ।

निर्णय नं ९

भीरकोट नगरपालिका अन्तर्गत कार्यरत रहि हालसालै अवकास हुनुभएकी प्रशासन अधिकृत कर्मचारी श्री पदमा कुमारी श्रेष्ठको घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा सम्बन्धी नियमावली वमोजिमको औषधी उपचार खर्च रकम नगरपालिकाको कर्मचारी कल्याणकोषवाट भुक्तानी दिने ।

निर्णय नं १०

भीरकोट नगरपालिकाको आयोजना र मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल, काठमाडौको प्राविधिक सहयोगमा मिति २०८२/१२/०७ गते भीरकोट नगर अस्पतालमा संञ्चालन गर्न लागिएको बृहत स्वास्थ्य शिविर व्यवस्थापनको लागि रु १ लाख ५० हजार मेयर संबोधन आकस्मिक तथा विभिन्न खर्च शिर्षकवाट विनियोजन गर्ने ।

निर्णय नं ११

भीरकोट नगरपालिका वडा नं. ०४ अन्तर्गत ओडारे देखि झारुङ खोला सम्मको सिद्धार्थ राजमार्ग सडक खण्ड मर्मत संभार कार्य गर्दा प्राविधिक इष्टिमेट वमोजिमको खर्च भएको रकम रु. ५२ हजार मेयर संबोधन भौतिक तथा पुर्वाधार बजेट शिर्षकवाट भुक्तानी दिने ।

निर्णय नं १२

चालु आ.व.२०८२/८३ मा भीरकोट नगरपालिकामा संघीय विशेष अनुदान अन्तर्गत एकिकृत कृषि विकास कार्यक्रम तर्फको सिँचाइ कुलो निर्माण शिर्षक (बजेट रु १० लाख) बाट संञ्चालन हुनेगरी तपसिल वमोजिमका योजनाहरुमा देहाय बमोजिमको रकम विनियोजन गरी नियमानुसार निर्माण प्रक्रिया अगाडि बढाउने।

तपसिल

| क.स | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | बलमाटा कुलो निर्माण | ७ | ३ लाख | |
| २ | गोदीखोला बाँध तथा कुलो निर्माण | ६ | २ लाख ५० हजार | |
| ३ | फुलबारी कुलो निर्माण | ५ | १ लाख ५० हजार | |
| ४ | अलैचिखोला सिँचाइ निर्माण | ८ | १ लाख | |
| ५ | विरुवा कुडुले ढाड चाक्लावन्दी सिँचाई योजनां | ८ | १ लाख | |
| ६ | रिपुखोला सिँचाइ योजना | ८ | १ लाख | |

निर्णय नं १३

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभावाट स्वीकृत बजेटको परिधिभित्र रही सम्पन्न भएका तपसिलका योजना तथा कार्यक्रमहरुमा देहायबमोजिमको बजेट रकम विनियोजन गरी सम्बन्धित पक्षालाई भुक्तानी दिने ।

तपसिल

| क.स. | भुक्तानी दिने व्यक्ति/संस्था/निकाय | भुक्तानी दिने बजेट शिर्षक | भुक्तानी दिने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | वयरघारी क्रिकेट क्लव, भीरकोट-०१ | युवा तथा खेलकुद कार्यक्रम | ६०,०००। | |
| २. | नेत्र बहादुर वि.क. | विभिन्न संघसंस्था अनुदान | २५,०००। | |
| ३. | श्री दर्शन शिवजी युवा क्लव, भीरकोट-०३ | युवा तथा खेलकुद कार्यक्रम | ३०,०००। | |
| ४. | इन्द्रेणी युवा क्लव, भीरकोट-०२ | युवा तथा खेलकुद कार्यक्रम | ४०,०००। | |
| ५. | श्री प्रगतिशिल युवा क्लव, भीरकोट-०८ | युवा तथा खेलकुद कार्यक्रम | ४०,०००। | |
| ६. | श्री कालिका देवी युवा क्लव, भीरकोट-०८ | युवा तथा खेलकुद कार्यक्रम | ३०,०००। | |

निर्णय नं १४

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभावाट स्वीकृत बजेटको परिधिभित्र रही तपसिलको योजनामा देहायबमोजिमको शिर्षकवाट बजेट रकम विनियोजन गरी नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

तपसिल

| क्र.स | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | फोक्सिङ निवुवाकोट सिचाइ कुलो मर्मत | ६ | १ लाख ८० हजार | मेयर संवोधन कृषि तथा साना सिँचाई |
| २ | न्यायिक समिति एप निर्माण | | ३ लाख | सेवा परामर्श |

निर्णय नं १५

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम महिला सँग उपमेयर कार्यक्रमबाट संचालन हुने गरी तपसिल बमोजिमको कार्यक्रमका लागि बजेट विनियोजन गरी प्रक्रिया अगाडि बढाउने ।

तपसिल

| क स | कार्यक्रमको नाम | संचालन हुने स्थान | बजेट रकम रु |
|---|---|---|---|
| १. | पञ्चेबाजा तालिम | वडा नं. ०५ | १,५०,०००। |

निर्णय नं १६

भीरकोट नगरपालिकाको आवधिक नगर शिक्षा योजना तर्जुमा प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं १७

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र मेयर रोजगार कार्यक्रम तर्फको बजेट तपसिल बमोजिम विनियोजन गर्ने ।

तपसिल

| राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट रकम रु. ४,७२,०००। | | | | | |
|---|---|---|---|---|---|
| मेयर रोजगार कार्यक्रमको बजेट रकम रु. ९,००,०००। | | | | | |
| क्र.स. | वडा नं. | बजेट श्रोत | | कुल रकम | कैफियत |
| | | राष्ट्रिय रोजगार | मेयर रोजगार | | |
| १ | २ | ५०००० | ५०००० | १००००० | |
| २ | ३ | ७२००० | ० | ७२००० | |
| ३ | ४ | ५०००० | ५०००० | १००००० | |
| ४ | ६ | ५०००० | ५०००० | १००००० | |
| ५ | ७ | २००००० | ४५०००० | ६५०००० | |
| ६ | ८ | ० | ३००००० | ३००००० | |
| | ९ | ५०००० | ० | ५०००० | |
| | | ४७२००० | ९००००० | १३००००० | |

गोविन्द कुमार कार्की
नगर प्रमुख

निर्णय नं १८

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही भीरकोट नगरपालिका वडा नं. ०४ मा संञ्चालित गौशालाका गाइहरुको पालनपोषण तथा संरक्षणको लागि खरिद गरी प्रयोग भएको परालको संलग्न विल भर्पाइ बमोजिमको रकम रु ४,४५,२५०। गौशाला व्यवस्थापन खर्च बजेट शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं १९

भीरकोट नगरपालिका वडा नं. ०४ मा नगरपालिका बाट आ.ब.२०८१/८२ बाट ठेक्का आह्वान भई निर्माणको प्रक्रियामा रहेको भीरकोट पार्कमा निर्माणाधिन पोखरीको विचमा मन्दिर निर्माण कार्यको म्याद सकिएको हुँदा तपसिल बमोजिम म्याद थप गर्ने ।

तपसिल

| क.स | योजनाको नाम | ठेक्का नम्बर | हाल म्याद कायम भएको | म्याद थप गरिएको |
|---|---|---|---|---|
| १ | भीरकोट पार्कमा निर्माणाधिन पोखरीको विचमा मन्दिर निर्माण | BM/CMMPSBP/NCB/11/081-82 | २०८२/११/२९ | २०८३ असार मसान्त सम्म |

निर्णय नं २०

जिल्ला खेलकुद परिषद स्याङ्जाको आयोजनामा फागुन १ गतेदेखि ३ गतेसम्म पुतलिबजार, स्याङ्जामा सम्पन्न भएको १४औ जिल्ला स्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता खेलकुदको क्रममा घाइते भइ चोटपटक लागि उपचार हुनुभएका खेलाडि भीरकोट नगरपलिका वडा नं. ०४ निवासि श्री आसिक सार्किको उपचार खर्च बापतको संलग्न विल, भर्पाइ बमोजिमको रु. ३५ हजार विपन्न गरिव तथा असहाय वर्ग औषधि उपचार खर्च बजेट शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं २१

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही तपसिलको योजनामा देहायबमोजिमको शिर्षकबाट बजेट रकम विनियोजन गरी नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

तपसिल

| क.स | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | गोदीखोला पुलनेर कुलो निर्माण | ६ | १ लाख ५० हजार | मेयर संवोधन कृषि तथा साना सिंचाई |
| २ | सिद्धार्थ राजमार्ग देखि राङथाङ बाटो निर्माण | ४ | १ लाख ५० हजार | मेयर संवोधन भौतिक तथा पुर्वाधार मर्मत |